**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 07.06.2024**

## CM-strategic meeting: IPR/Vishnu Neupane

आज मिन्तोग्याङमा बसेको बैठकमा, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ र नवनिर्वाचित विधायकहरूले भारतीय जनता पार्टीका नेता श्री नरेन्द्र मोदीलाई प्रधानमन्त्रीका रूपमा समर्थन गर्ने निर्णय गर्नुभएको छ। मुख्यमन्त्रीले भन्नुभएको छ, "हामी प्रधानमन्त्री श्री नरेन्द्र मोदी र NDA लाई 18 औँ लोकसभा चुनावमा विजय हासिल गरेकोमा बधाई दिन्छौँ। सिक्किम क्रान्तिकारी मोर्चा पार्टी देशको विकास र समृद्धिका लागि NDA लाई पूर्ण समर्थन गर्दछ।" त्यसबाहेक, सपथ ग्रहण समारोह जून 10 मा पाल्जोर स्टेडियममा हुने तय भएको छ। मुख्यमन्त्रीले सिक्किमका जनतालाई फेरि एकपटक राज्यको सेवा गर्ने जनादेश दिएकोमा गहिरो कृतज्ञता व्यक्त गर्नुभयो।

## CM Meet Former MP: IPR/Vishnu Neupane

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज मिन्तोग्याङमा पूर्व लोकसभा सांसद श्रीमती दिलकुमारू भण्डारी र श्री नन्दु थापासँग भेट गर्नुभयो। भेटको क्रममा, मुख्यमन्त्रीले उहाँहरूलाई हालैको निर्वाचनमा विजयी भएकोमा हार्दिक बधाई तथा शुभकामना दिनुभएकोमा कृतज्ञता व्यक्त गर्नुभयो। मुख्यमन्त्रीले एसकेएम पार्टीप्रति उहाँहरूबाट निरन्तर समर्थनको सराहना गर्दै, नेपाली भाषा मान्यता आन्दोलनकी अग्रणी नेत्री श्रीमती भण्डारीको निर्णायक भूमिकाको खुलेर प्रशंसा गर्नुभयो अनि श्री थापाको सिक्किम प्रतिको योगदानको स्मरण गर्नुभयो। श्री तामाङले श्रीमती भण्डारी र श्री थापाको सुस्वास्थ्य, सुख र समृद्धिको कामना गर्नुभयो।

## World Food Safety Day: IPR

आज विश्व खाद्य सुरक्षा दिवस सिङताम नगर पञ्चायत हलमा मनाइयो। यो कार्यक्रम खाद्य तथा औषधि प्रशासन, स्वास्थ्य तथा परिवार कल्याण विभाग, सिक्किम सरकारद्वारा आयोजना गरिएको थियो। यस वर्षको विषय **'खाद्य सुरक्षा: अप्रत्याशित परिस्थितिका लागि तयारी'** रहेको छ। कार्यक्रमको मुख्य आकर्षणको रूपमा गान्तोकका खाद्य व्यवसाय सञ्चालक, FBO हरूलाई एप्रन, हेडगियर र पन्जाहरू हस्तान्तरण गरियो। गान्तोकका उपमेयर सुश्री छिरिङ पाल्देन भोटियाले आफ्नो सम्बोधनमा, हाम्रो दैनिक जीवनमा स्वच्छता र खाद्य सुरक्षाको महत्त्व रहेको कुरामा जोड दिनुभयो। साथै, उहाँले सर्वसाधारणलाई सुरक्षित, स्वस्थ र दिगो खाद्यन्न सुनिश्चित गर्न सम्बन्धित विभागले गरेको प्रयासको पनि प्रशंसा गर्नुभयो। त्यसपछि, खाद्य तथा औषधी प्रशासनका अतिरिक्त निर्देशकहरू, खाद्य सुरक्षा अधिकारीवर्ग, प्राविधिक अधिकारीहरू, र राज्य खाद्य परीक्षण प्रयोगशालाका कर्मचारीहरूले, **फुड सेफ्टी अन ह्वील** नामक मोबाइल फुड टेस्टिङ भ्यानको साथमा स्वच्छता र सरसफाइको निरीक्षण गरे। खाना पकाउने तेलको गुणवत्ता र कृत्रिम तरिकाले फलफूल पकाउने नमूनाको स्थलगत परीक्षण गरिएको थियो।

## Postal Award: Vishnu Neupane

लाचेन निवासी श्री याप रिन्जिङ चेवाङ काजीलाई ग्रामीण डाक सेवा पुरस्कारले सम्मानित गरिएको छ। मंगन जिल्लाको उत्तरी भेग लाचेन डिभिजनमा उहाँको असाधारण सेवाका लागि यो ग्रामीण डाक सेवक पुरस्कार प्रदान गरिएको हो। भारत सरकारको डाक विभागद्वारा वर्ष 2023-24 का लागि सिक्किम-उत्तर बङ्गाल क्षेत्रमा ग्रामीण डाक सेवकका रूपमा श्री काजीको उत्कृष्ट कार्यसम्पादन र समर्पणलाई मूल्याङ्कन गर्दै, सो पुरस्कार प्रदान गरिएको छ। काजीको यस उपलब्धिले ग्रामीण क्षेत्रमा कार्यरत हजारौँ डाक कर्मचारीहरूको योगदान अनि सेवाको कदर भएको छ भने, उहाँका सहकर्मीहरूलाई उत्कृष्ट सेवा गर्न प्रेरणा मिलेको छ।

## Indrahang met Laksabha Speaker: Social Media

लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बाले 17औँ लोकसभाका अध्यक्ष श्री ओम बिरलासँग भेट गर्नुभयो। श्री सुब्बाले श्री बिरला सधैँ आफ्नो अभिभावकका रूपमा रहेको र उहाँलाई भेट्न पाउँदा धेरै खुसी लागेको बताउनुभएको छ। उहाँले श्री बिरलालाई भावी कार्यकालका लागि शुभकामना पनि दिनुभयो।

## Sunil Retirement: Social Media

हजारौँको सङ्ख्यामा उपस्थित समर्थकहरूका अपार माया र समर्थनबीच भारतीय फूटबल टीमका प्रिय कप्तान सुनिल छेत्रीले 19 वर्षको स्वर्णिम करियरपछि अन्तरराष्ट्रिय फूटबलबाट विदा लिएका छन्। सल्ट लेक स्टेडियममा **फिफा वर्ल्ड कप क्वालिफायर** अन्तर्गत भारत र कुवेतबीच गोलरहित बराबरीमा समाप्त भएको म्याच उनको अन्तिम अन्तरराष्ट्रिय म्याच रह्यो। भारतका निम्ति सर्वाधिक 151 वटा म्याच खेलेर सर्वाधिक 94 गोल गर्ने सुनिल छेत्रीको बिदाइ म्याचको साक्षी बन्न स्टेडियममा हजारौँ समर्थकहरू एकत्रित थिए, तर भारतीय टोलीले कप्तानलाई जीतका साथ बिदा गर्न भने सकेन।